**संघीय संसद**

**प्रतिनिधि सभा**

**कानून, न्याय तथा मानव अधिकार समिति**

# प्रशासकीय अदालतको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ सम्बन्धी समितिको प्रतिवेदन २०७६

१. प्रशासकीय अदालतको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (यस पछि "विधेयक" भनिएको) को दफा १ को उपदफा (१) मा रहेका "२०७५" भन्ने अङ्कहरूको सट्टा "२०७६" भन्ने अङ्कहरू राख्ने।

२. विधेयकको दफा २ को खण्ड (क) तथा सो सम्बन्धमा राष्ट्रिय सभा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम संख्या १ बाट प्रस्ताव गरिएको खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्नेः-

"(क) "अदालत" भन्नाले दफा ३ बमोजिम गठन भएको प्रशासकीय अदालत सम्झनु पर्छ।"

३. विधेयकको दफा ३ तथा सो सम्बन्धमा राष्ट्रिय सभा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम संख्या २ बाट प्रस्ताव गरिएको दफा ३ को सट्टा देहायको दफा ३ राख्नेः-

"३ <u>अदालतको गठनः</u> (१) दफा ७ बमोजिमको मुद्दा वा सो दफा बमोजिमको विषयमा पुनरावेदन सुन्नको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी देहाय बमोजिमका अध्यक्ष र सदस्य रहेको प्रशासकीय अदालत गठन गर्नेछः-

(क) उच्च अदालतको मुख्य न्यायाधीश भइरहेका वा हुने योग्यता पुगेका वा नेपाल न्याय सेवाका विशिष्ट श्रेणीको पदमा काम गरेका व्यक्तिहरुमध्येबाट न्याय परिषद्को परामर्शमा नेपाल सरकारले तोकेको वा नियुक्त गरेको व्यक्ति –अध्यक्ष

(ख) नेपाल न्याय सेवाको विशिष्ट श्रेणीको पदबाट सेवा निवृत्त वा कानूनमा स्नातकोपाधि प्राप्त गरी कानून वा न्यायको क्षेत्रमा कम्तीमा बीस वर्षको अनुभव प्राप्त व्यक्तिहरुमध्येबाट नेपाल सरकारले नियुक्त गरेको एकजना –सदस्य

(ग) निजामती सेवाको विशिष्ट श्रेणीको पदबाट सेवा निवृत्त वा कुनै विषयमा स्नातकोपाधि प्राप्त गरी सार्वजनिक प्रशासनको क्षेत्रमा कम्तीमा बीस वर्षको अनुभव प्राप्त व्यक्तिहरुमध्येबाट नेपाल सरकारले नियुक्त गरेको एकजना –सदस्य

(२) उपदफा (१) बमोजिम गठन भएको अदालतको मुकाम काठमाडौं उपत्यकामा रहनेछ र सो अदालतको प्रादेशिक क्षेत्राधिकार नेपाल भर हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्रदेशबाट दुईसय भन्दा बढी मुद्दा उपदफा (२) बमोजिमको अदालतमा दर्ता भई चालु अवस्थामा रहेमा त्यस प्रदेशमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो प्रदेशको राजधानीमा मुकाम रहने गरी उपदफा (१) बमोजिम अदालत गठन गर्नेछ ।

तर उपदफा (२) बमोजिमको अदालत रहेको प्रदेशको हकमा यस उपदफा बमोजिमको छुट्टै अदालत गठन गरिने छैन ।

(४) उपदफा (३) बमोजिम गठन भएको अदालतको प्रादेशिक क्षेत्राधिकार न्याय परिषद्को परामर्शमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ। त्यसरी क्षेत्राधिकार तोक्दा सो अदालत रहेको प्रदेशको अतिरिक्त नजिकको अन्य प्रदेशको समेत क्षेत्राधिकार हुने गरी तोक्न सक्नेछ ।

(५) उपदफा (३) बमोजिम अदालत गठन हुँदाका बखत सो अदालतको प्रादेशिक क्षेत्राधिकार भित्र पर्ने कुनै मुद्दा उपदफा (२) बमोजिमको अदालतमा विचाराधीन रहेको भएमा त्यस्तो मुद्दा उपदफा (३) बमोजिमको अदालतमा सर्नेछ।

४. विधेयकको दफा ४ को सम्बन्धमा राष्ट्रिय सभा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम संख्या ३ बाट प्रस्ताव गरिएको संशोधनको व्यवस्था हटाई विधेयकको दफा ४ को सट्टा देहायको दफा ४ राख्नेः-

"४. <u>अध्यक्ष तथा सदस्यको पदावधिः</u> (१) अध्यक्ष तथा सदस्यको पदावधि दफा ५ को अधीनमा रही पाँच वर्षको हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि व्यक्तिलाई दुईपटक भन्दा बढी अवधिको लागि अध्यक्ष तथा सदस्यको पदमा नियुक्त गरिने छैन्।"

५. विधेयकको दफा ५ मा राष्ट्रिय सभा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम संख्या ४ बाट विधेयकको दफा ५ मा प्रस्ताव गरिएको संशोधनको व्यवस्था हटाई सोही दफाको उपदफा (३) मा रहेको "गरेतापनि" भन्ने शब्दको सट्टा "गरेमा" भन्ने शब्द राख्ने।

६. विधेयकको दफा ६ मा राष्ट्रिय सभा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रमसंख्या ५ मा प्रस्ताव गरिएको संशोधनको व्यवस्था हटाई विधेयकको साविककै व्यवस्था कायम गर्ने ।

७. विधेयकको दफा २० तथा सो सम्बन्धमा राष्ट्रिय सभा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम संख्या ६ बाट प्रस्ताव गरिएको दफा २० को सट्टा देहायको दफा २० राख्नेः-

"२०. <u>रजिष्ट्रार सम्बन्धी व्यवस्थाः</u> (१) अध्यक्षको सामन्य निर्देशन र नियन्त्रणमा रही अदालतको प्रशासकीय प्रमुखको रूपमा काम गर्न अदालतमा नेपाल न्याय सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको एक जना रजिष्ट्रार रहनेछ।

(२) उपदफा (१) बमोजिमको रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अदालतमा दर्ता गराउन ल्याएका निवेदन तथा पुनरावेदनपत्र दर्ता गर्ने र दर्ता गर्न नमिल्ने भएमा दरपीठ गर्ने,

(ख) पुनरावेदकले कानून व्यवसायी नियुक्त गरेकोमा वकालतनामा दर्ता गर्ने,

(ग) अदालतमा दर्ता हुन आएका पुनरावेदनपत्रमा प्रचलित कानून बमोजिम लाग्ने रकम दाखिला गराउने,

(घ) अदालतको म्याद तथा सूचना जारी गर्ने, तामेल गराउने र सो सम्बन्धमा आवश्यक निकासा दिने,

(ङ) कानून बमोजिम मुद्दाका पक्षहरुको म्याद तारीख थाम्ने र तारीखसँग सम्बन्धित व्यवस्था मिलाउने,

(च) अदालतको वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गर्ने गराउने,

(छ) अदालतको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ज) मुद्दाको काम कारबाही सम्बन्धी अन्य कार्य गर्ने,

(झ) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

(३) उपदफा (१) बमोजिमको रजिष्ट्रारले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार कुनै अधिकार आफ्ना मातहतका अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।"

८. विधेयकको दफा २१ र २२ मा राष्ट्रिय सभा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रमसंख्या ७ बाट प्रस्ताव गरिएको संशोधनको व्यवस्था हटाई विधेयकको साविकको दफा २१ र २२ कायम गर्ने।

९. विधेयकको अनुसूचीमा राष्ट्रिय सभा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम संख्या ८ बाट प्रस्ताव गरिएको संशोधनको व्यवस्था हटाई विधेयकको साविककै व्यवस्था कायम गर्ने।

(कृष्ण भक्त पोखेल)
सभापति

मिति : २०७६/०३/२५